परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक २६ २०८२ माघ ११ आईतवार Sunday, 25 JAN 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## प्रतिनिधीसभा सदस्यको लागि मोरंगमा ११८ जनाको उम्मेदवारी दर्ता, ६ को फिर्ता

विराटनगर । आउने फागुन २१ हुने प्रतिनिधी सभा सदस्य निर्वाचनको लागि माघ ६ गते भएको मनोनय दर्तामा मोरंग जिल्लामा रहेको ६ वटा क्षेत्रमा ११८ जनाले उम्मेदवारी दर्ता गराएका थिए । जस मध्ये ६ जनाले उम्मेदवारी फिर्ता लिएका छन् ।

उम्मेदवारी दर्ता लिनेहरुमा २ राजनीतिक दलका उम्मेदवार र ४ स्वतन्त्र उम्मेदवार रहेका छन् । माघ ९ गते उम्मेदवारी फिर्ता लिनेहरुमा मोरङ क्षेत्र नं. १ मा जनता समाजवादी पार्टी नेपालका दुर्गाप्रसाद दर्लामी र क्षेत्र नं. ६ मा नेपाल मजदु किसान पार्टीका तिलकराम राजवंशीले उम्मेदवारी फिर्ता लिनु भएको थियो ।

त्यसैगरी स्वतन्त्रबाट उम्मेदवारी दिएका क्षेत्र नं. ३ का सुरेश लिम्वु, कञ्चन न्यौपाने, दलबहादुर थापा र क्षेत्र नं ६ का राम खत्रीले उम्मेदवारी फिर्ता लिएका छन् । प्रतिनिधि सभा निर्वाचन ऐन २०७४ दफा २५ उपदफा ४ बमोजिम उम्मेदवारी फिर्ता लिएका उम्मेदवारहरुको सूचीबाट नाम हटाईको निर्वाचन कार्यालयले जनाएको छ । यसअघि मोरङ क्षेत्र नं. ४ का उज्यालो नेपालका विनोद परियार र क्षेत्र नं. ६ का जसपाका महमद जाविरको उम्मेदवारी रद्ध गरिएको थियो ।

प्रतिनिधिसभा सदस्यका लागि मोरङका ६ वटा निर्वाचन क्षेत्रमा ११८ जनाको उम्मेदवारी दिएका मध्ये ९१ जनाले विभिन्न राजनीतिक दलबाट र २७ जनाले स्वतन्त्र उम्मेदवारी दिएका थिए ।

मोरंगको क्षेत्र नं. १ मा १८ जनाले उम्मेदवारी दर्ता गराएकोमा ४ जना स्वतन्त्र र १४ वटा राजनीतिक दलबाट रहेका थिए ।

नेपाली कांग्रेसबाट खड्ग फागु, नेकपा एमालेबाट घनश्याम खतिवडा, नेकपाबाट कुलप्रसाद साम्बा, रास्वपाबाट यज्ञमणि न्यौपानेले उम्मेदवारी दर्ता गराएका छन् ।

राप्रपाबाट पूर्णबहादुर वाईवा, नेपाल जनमुक्ति पार्टीबाट फिवराज लिम्वु, नेकपा माओवादीबाट डिल्लीराम नेपाली, मितेरी पार्टी डिल्लीराम लिम्वु, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट दिलकुमारी लावती, राष्ट्रिय परिवर्तन पार्टीबाट दुर्गाकुमारी तामाङ, जसपा नेपालबाट दुर्गाप्रसाद दर्लामी, श्रम संस्कृति पार्टीबाट शान्ति पाख्रिन, मंगोल नेशनलबाट सुरज लिम्वुको उम्मेदवारी परेको छ । स्वतन्त्रबाट यामप्रसाद दाहाल, मिलन भण्डारी, प्रेम वर्देवा र इशोर वाग्लेले उम्मेदवारी दर्ता गराएका थिए ।

क्षेत्र नं. २ बाट १७ जनाको उम्मेदवारी दर्ता गराएका मध्ये ४ जनाले स्वतन्त्र सहित नेपाली कांग्रेसका डा. मीनेन्द्र रिजाल, एमालेका दिलिपकुमार अग्रवाल, नेकपाका चन्द्रवीर राई, रास्वपाका कृष्णकुमार कार्की, राष्ट्रिय उर्जाशील पार्टीबाट मनोजकुमार राजवंशी, मंगोल नेशनल अर्गनाइजेसनबाट धनबहादुर लिम्बु, जनमत पार्टीबाट घनश्याम चौधरी, राष्ट्रिय मुक्ति पार्टीबाट माधवप्रसाद राजवंशी, जनता समाजवादी पार्टी नेपालबाट विनोदकुमार सिंह गनगाई, नेपाली राष्ट्रिय परिवर्तन पार्टीका धन वहादुर सुनुवार, नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का मेघेन्द्र कुमार रोक्का, राष्ट्रिय प्रजातन्त्र पार्टी कन्सराज राजवंशी, श्रम संस्कृति पार्टीबाट अबुहो रैरहले उम्मेदवारी दर्ता गराएका छन् । स्वतन्त्रबाट नरेशकुमार साह, अनिलकुमार साह, राजन निरौला र बधु ऋषिदेवले उम्मेदवारी दिएका छन् ।

क्षेत्र नं. ३ बाट २१ जनाको उम्मेदवारी दर्ता गराएको मध्ये ५ स्वतन्त्र सहित नेपाली कांग्रेसका डा. सुनिलकुमार शर्मा, एमालेका इरन राई, नेपाली कम्युनिष्ट पार्टी डा. देउमान सम्वाहाङफे, रास्वपाबाट गणेश कार्की, राष्ट्रिय उर्जाशील पार्टीका भुवनकुमार वाग्ले, नेपाल मजदुर किसान पार्टीका पर्शुराम विश्वास थारु, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका डिल्लीवहादुर जबेगु, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का खड्गबहादुर कार्की , राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रेमप्रसाद सुवेदी, मंगोल नेशनल अर्गनाइजेसनका बिकेन्द्र राई,संयुक्त नागरिक पार्टीका विदुर अधिकारी, श्रम संस्कृति

वांकी अन्तिम पेजमा...

## मोरंग क्षेत्र नं. ४ मा तेस्रो लिङ्गी महिलाको उम्मेदवारी




विराटनगर । मोरंग जिल्लाको निर्वाचन क्षेत्र नं. ४ बाट एक जना तेस्रो लिङ्गी महिलाले उम्मेदावारी दर्ता गराएको छ ।

उम्मेदवारी दर्ता गराउनेमा झापा जिल्लाको निर्वाचन क्षेत्र नं. ५ घर भएकी तेस्रो लिङ्गी महिला नुमा लिम्बुले समावेशी समाजवादी पार्टीबाट मोरङ जिल्लाको निर्वाचन क्षेत्र नं. ४ बाट प्रतिनिधि सभा सदस्यको लागि उम्मेदवारी दर्ता गराएकी छिन् ।

लिम्बुले प्रमुख राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्यूनिष्ट पार्टी (तत्कालीन नेकपा माओवादी केन्द्र) लाई उम्मेदवारी फिर्ता लिएर तेस्रो लिङ्गी महिला उम्मेदवारलाई सहयोग गर्न पत्रकार सम्मेलन गरी आग्रह गरेकी थिईन ।

समानता र न्यायको लागि मैले उम्मेदवारी दर्ता गराएकी छु सवै पार्टीहरु मिलेर समानताको लागि मलाई जिताउनु पर्ने धारण राखेकी थिईन ।

## हिसान स्पोर्ट्स मिटको क्रिकेटमा कान्तिपुर र अर्किट विजय

विराटनगर । निजी क्षेत्रवाट संचालनमा रहेको उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) ८ दिने हिसान स्पोर्ट्स मिट सुरु भएसँगै क्रिकेट खले अन्तर्गत अर्किट र कान्तिपुर कलेज विजय भएको छ ।

जुट मिल मैदान भएको पहिलो खेलमा अर्किड कलेजले भानु कलेजलाई ६ रनले पराजित गरेको छ । टस हारेर ब्याटिङको गरेको अर्किडले निर्धारित २० ओभरमा ९ विकेट गुमाई १ सय २० रनको योगफल तयार पारेको थियो ।अर्किडकालागि इफ्रादी मियाँले २८ रन जोड्दा कृष्ण यादवले २५ रन जोडे । भानुका सुर्जी सिंहले सर्वाधिक ३ विकेट लिएका थिए ।

जवाफमा १ सय ३१ रनको लक्ष्य पाएको भानुले ९ विकेटको नोक्सानीमा १ सय २४ रन मान बनाउँन सफल भयो । भानुका महमद इर्शादले सर्वाधिक ३२ रनको योगदान दिए । अर्किडका प्लेयर अफ म्याच कृष्ण यादवले २ विकेट लिँदा रियाज मियाँ र नन्दकिशोर यादवले पनि २-२ विकेट लिएका थिए ।

दोस्रो खेलमा कान्तिपुर कलेजले मेरिल्याण्ड कलेजलाई २१ रनले पराजित गरेको छ । टस जितेर ब्याटिङको गरेको कान्तिपुरले निर्धारित १६ ओभरमा ८ विकेट गुमाई १ सय २५ रनको योगफल तयार पारेको थियो । कान्तिपुरकालागि जयप्रकाश यादवले सर्वाधिक २६ रनको योगदान दिएका थिए ।

जवाफमा १ सय २६ रनको लक्ष्य पाएको मेरिल्याण्डले पुरै अभेर खेल्दै ७ विकेटको नोक्सानीमा १ सय ४ रन मान बनाउँन सक्यो । मेरिल्याण्डका निरज यादवले सर्वाधिक २५ रनको योगदान दिए । कान्तिपुरका प्लेयर अफ म्याच सन्तोष गुप्ताले ३ विकेट लिएका थिए ।

"शिक्षाको मूल मन्त्र, शिक्षा र खेलकुद बलियो संयन्त्र" भन्ने नाराका साथ विगतमा माघ १० गते देखि १६ गते सम्म हुदै आएको हिमान मोरङ स्पोटर्स मीट यसवर्ष १७ गते सम्म अर्थात आठ दिन सम्म सञ्चालन हुनेछ ।

वांकी अन्तिम पेजमा...

## लागुऔषध ब्राउनसुगर र गाँजा सहित पाँच जना पक्राउ

विराटनगर । झापा र उदयपुरको दुई छुट्टा छुट्टै स्थानमा लागु औषध ब्राउन सुगर र गाँजा सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

माघ ९ गते झापाको इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले विशेष सुचनाको आधारमा अर्जुनधारा-६ विहानी टोल स्थितमा बुद्धशान्ती-४का सुमन लिम्बु, विवेक लिम्बु र बुद्धशान्ती-५का केदारनाथ गिरीलाई १ ग्राम ५०० मिलिग्राम लागु औषध ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

उदयपुरको ट्राफिक प्रहरी पोष्ट रामपुरबाट खटिएको प्रहरी टोलीले को ३५ प ४९४४ नं.को मोटरसाईकललाई शंका लागी चेकजाँच गर्दा चालक बेलका-७ का लक्ष्मीपुजन बस्नेत र पछाडि सवार भक्त बहादुर थापाको साथबाट ३ किलो २०० ग्राम लागु औषध गाँजा फेला पारी नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका दुवै जनाको सम्बन्धमा थप अनुसन्धान भई रहेको छ ।

आर्या न्यूरो हस्पिटल
कञ्चनबारी, विराटनगर-३
निःशुल्क न्यूरो OPD
समय: १२:00 बजे देखि
तलका मध्ये कुनै समस्या देखिएमा

■ टाउको दुख्ने, टाउको भारी हुने
■ हात खुट्टा दुख्ने, हात खुट्टा नचल्ने (Paralysis) हुने
■ हात खुट्टा गल्ने, लुलो हुने, हिड्न उभिन गाह्रो हुने
■ हात खुट्टा झमझम गर्ने, पोल्ने, हात खुट्टा काम्ने
■ घाँटी पछाडि दुख्ने, ढाड दुख्ने
■ मुख बाङ्गिने, आँखा बन्द नहुने, एउटै कुरा दुइटा देख्ने
■ खाने कुरा निल्न गाह्रो हुने, बोली नआउने
■ (प्रष्ट आवाज नआउने)
■ चक्कर लाग्ने, हिड्दा लड्ने
■ मिर्गी लाग्ने, छारे लाग्ने, बेहोस हुने
■ कुराहरु बिर्सने, बेसुरका कुराहरु गर्ने

डा. पंकज राज नेपाल
वरिष्ठ न्यूरो सर्जन तथा प्रबन्ध निर्देशक
9802760888

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## प्रतिनिधीसभा...

पार्टी अमिर मगर, जनता समाजवादी पार्टी नेपालका मजेबुल रहमान, आम जनता पार्टीका कमलकुमार राई, जय मातृभूमि पार्टीका नवराज मास्के र उज्यालो नेपाल पार्टीका मित्रसेन योञ्जनले उम्मेदवारी दिएका छन् । स्वतन्त्रमा दलवहादुर थापा, सुरेश लिम्बु, कन्चन न्यौपाने, तेजप्रसाद भण्डारी र गणेश मिश्रको उम्मेदवारी परेको छ ।

क्षेत्र नं. ४ बाट २० जनाले उम्मेदवारी दर्ता गराएको मध्ये ३ स्वतन्त्र सहित नेपाली कांग्रेसका गुरुराज घिमिरे, एमालेका जीवन घिमिरे, नेकपाका अमनलाल मोदी, रास्वपाका सन्तोष राजवंशी, समावेशी समाजवादी पार्टीका नुमा लिम्बु, नागरिक उन्मुक्ति पार्टीका हरिनारायण चौधरी, आम जनता पार्टीका अशोक शर्मा, नेपाल मजदुर किसान पार्टीका जयराम थारु, मंगोल नेशनल अर्गनाइजेसनका गोल्छा राई, नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का हरिबहादुर बस्नेत, राष्ट्रिय प्रजातन्त्र पार्टीका माधवप्रसाद आचार्य, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका हरनु मुसहर, जनमत पार्टीका जिवनकुमार गुप्ता, जनता समाजवादी पार्टीका तवरेज अखतर आलम, श्रम संस्कृति पार्टीका कृष्णकुमार अटल, उज्यालो नेपाल पार्टीका विनोद परियार र राष्ट्र निर्माण दलका कल्पना देवी यादवले उम्मेदवारी दर्ता गराएका छन् । स्वतन्त्रबाट भक्तमणी दाहाल, विनोदकुमार कार्की र ज्ञानेन्द्र खत्रीको उम्मेदवारी दर्ता भएको छ ।

क्षेत्र नं. ५ बाट २२ जनाले उम्मेदवारी दर्ता गराएका मध्ये ७ स्वतन्त्र सहित नेपाली कांग्रेसका फूलकुमार लालवानी, एमालेका मनोज अग्रवाल, नेकपाका शिवकुमार मण्डल, राष्ट्रिय उर्जाशिल पार्टीका योगेन्द्र मण्डल, जसपा नेपालका राजकुमार यादव, रास्वपाका आशा झा, नेपाल मजदुर किसान पार्टीबाट गंगाकुमारी राजवंशी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट मंगल ऋृषिदेव, राष्ट्रिय प्रजातन्त्र पार्टी कुमोद राय, प्रगतिशील लोकतान्त्रिक पार्टीका राजेन्द्रप्रसाद मण्डल केवट, स्वतन्त्र सूर्य नारायण ठाकुर, जनमत पार्टी परमेश्वर मुर्मु, नेपाल कम्युनिस्ट पार्टी (माओवादी) गंगाप्रसाद गिरी, राष्ट्रिय मुक्ति पार्टी नेपालका नरेशकुमार लाभ, मंगोल नेशनल अर्गनाइजेसनका सकुन्तला श्रेष्ठले उम्मेदवारी दर्ता गराएका छन् । स्वतन्त्रबाट सुजितकुमार साह, जयनारायण शर्मा, ममता यादव, मोहमद रेजा हुसैन, राजकुमार राजवंशी, अमरकुमार यादव र विकाश श्रेष्ठको उम्मेदवारी परेको छ ।

क्षेत्र नं. ६ मा २० जनाले उम्मेदवारी दर्ता गराएको मध्ये ४ जना स्वतन्त्र सहित नेपाली कांग्रेसका डा. शेखर कोइराला, एमालेका विनोद ढकाल, नेपाली कम्युनिष्ट पार्टीका ओपेन्द्रकुमार राय, राष्ट्रिय स्वतन्त्र पार्टीका रुविना आचार्य, राप्रपाबाट सविन निरौला, मंगोल नेशनल अर्गनाईजेसनबाट अनु मगर, नेकपा माओवादीबाट कुमारप्रसाद खतिवडा, नेमकिपा बाट तिलकराम राजवंशी, सार्वभौम नागरिक पार्टीबाट प्रिति झा, आम जनता पार्टीबाट बद्री पासवान, नागरिक उन्मुक्ति पार्टीबाट बलराम खवास, उज्यालो नेपालबाट बसन्त बुढाथोकी, जसपाबाट महमद जाविर, श्रम संस्कृति पार्टीबाट मातृका पौडेल, जसपा नेपालबाट राजु मण्डल राजवंशी, जनमतबाट सुधराम माझीले उम्मेदवारी दर्ता गराएका छन् । स्वतन्त्रबाट राम खत्री, खडानन्द रिजाल, किरण खड्का र उत्तम दाहालले उम्मेदवारी दिएका छन् । मोरङमा ७ लाख ८३ हजार ५० जना मतदाता रहेका छन् ।

कोशी प्रदेश भरीमा २८ निर्वाचन क्षेत्रमा कुल ५ सय ४ जनाले प्रतिनिधि सभा सदस्य पदको लागि मनोनयन दर्ता गराएका छन् । मोरङ जिल्लामा १ सय १८, तेह्रथुम, भोजपुर र सोलुखुम्बुमा समान १२-१२, ताप्लेजुङमा १३, पाँचथर-मा १५, इलाममा २७, झापा ८६, संखुवासमा १६, तेह्रथुम १२, भोजपुरमा, १२, धनकुटामा १८ जना उम्मेदवार रहेका छन् ।

## हिसान...

मोरङ हिमान स्पोर्ट्स मिट् अन्तर्गत महिला र पुरुष फुटबल, पुरुष तथा महिला भलिबल, पुरुष क्रिकेट, पुरुष बास्केटबल, पुरुष कवडि, पुरुष एवम महिला टेबल टेनिस मिडल र डबल, लामो र छोटो दुरिको दौड प्रतियोगिता जम्ना इभेन्ट्सको आयोजना हुनेछ

फुटवल माघ ११ गते बिहानको ९ बजे शहीद रंगशालामा र भलिबल, कबडि, बास्केटबल माघ १२ विहानको ९ बजेबाट डि पि एम स्कुलमा सुरु हुने भएको छ। यसको साथै टेवलटेनिस कवर्ड हलमा हुने पनि निश्चय भएको छ। फाइनल खेल समापन कार्यक्रम माघ १७ गते शनिवार शहिद रंगशालामा रात्रीकालिन समयमा फ्लडलाइटमा सम्पन्न गर्ने तय गरिएको छ ।

माघ १७ गतेसम्म हुने प्रतियोगिता अन्तर्गत पुरुषतर्फ बास्केटबल, क्रिकेट, कबड्डी तथा पुरुष र महिला दुवैतर्फ फुटबल, भलिबल, टेबल टेनिस सिङ्गल, डबल र एथलेटिक्स लामो र छोटो दुरीको दौड विधामा प्रतिस्पर्धा हुने हिसानले जनाएको छ। यस वर्ष फुटबलमा २४ टिम, भलिबलमा २० टिम र क्रिकेटमा १९ टिमको सहभागिता रहनेछ । विगतको तुलनामा यस वर्ष महिला फुटबल टोलीको संख्यामा ५० प्रतिशतले वृद्धि भएको आयोजकले जनाएको छ । क्रिकेट खेल विराटनगरको जुटमिलस्थित क्रिकेट मैदानमा हुनेछ भने फुटबल सहिद रंगशालामा सञ्चालन हुनेछ। अन्य खेलहरू डीपीएस स्कुलको हातामा हुनेछन् ।

फुटबलको फाइनल खेल सहिद रंगशालामा रात्रिकालीन समयमा फ्लडलाइटमा सम्पन्न गरिनेछ । विजेता तथा उपविजेता टिमलाई ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनुका साथै विभिन्न विधाका उत्कृष्ट खेलाडीहरूलाई पुरस्कृत गरिनेछ ।

यस स्पोर्ट्स मिट सम्पन्न गर्न करिब ३० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । जसको व्यवस्थापन हिसान मोरङले आन्तरिक स्रोतबाटै गर्ने अध्यक्ष अमित ढकालले बताए ।

# लागुऔषध गाँजा सहित सात जना पक्राउ

विराटनगर । झापा, मोरङ उदयपुर र सुनसरीबाट लागू औषध गाँजा, ब्राउन सुगर र औषधी सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

माघ ६ गते उदयपुरको अस्थायी प्रहरी पोष्ट मैनामैनीबाट खटिएको प्रहरी टोलीले बेलका नगरपालिका-७ स्थितबाट सोहि स्थानका मिसन राई, बिकाश राई र उमेश राईलाई १ सय ४३ किलोग्राम गाँजा सहित नियन्त्रणमा लिएको थियो ।

चेकजाँचकै क्रममा इलाका प्रहरी कार्यालय छिटाहा सुनसरीले बा. २७ प १७६६ नम्बरको मोटरसाईकलमा सवार गढी गाउँपालिका-२ का अतिम मियाँ र इन्तियाज मियाँलाई ३५ किलो ८०० ग्राम गाँजा सहित पक्राउ गरेको छ । यसैगरी लागू औषध नियन्त्रण ब्युरो काँकरभिट्टा झापाले चेकजाँचको क्रममा गौरादह-५ का अमिर बास्कोटालाई ३ ग्राम ७२० मिलिग्राम ब्राउन सुगर सहित र इलाका प्रहरी कार्यालय रानी (सिमा) ले सुनसरीको दुहवी-६ का रोहित शर्मालाई प्रतिबन्धित औषधी ७ बोतल सहित नियन्त्रणमा लिएको थियो ।


## निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्नै कुरा ।

- मतदाता नमावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं ।
- तोकिएको केन्द्रमा प्रमाण सहित मतदान गर्न जाऔं ।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरूलाई पनि जानकारी गराऔं ।
- महिला, वृद्धिवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं ।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरूलाई पनि जानकारि गराऔं ।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं ।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचमा नपरौ!नपारौं ।

निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ गराऔं

नेपाल सरकार, विज्ञापन बोर्ड



## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।



## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।

जाडो तथा चिसोको समयमा,

- मौसमी रूघाखोकी, भाईरल ज्वरो, छातीको समस्या , दम, निमोनिया, झाडापाखाला, छाला सुख्खा हुने,जोर्नी दुखाई, पिनास, टन्सिल,हृदयघात लगायतका स्वास्थ्य लगायतका समस्या देखा पर्न सक्छन् ।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घ रोगीहरू बढी प्रभावित हुन सक्छन् ।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाउऔं ।
- तातो, पोसिलो, झोलिलो खाने कुरा खाऔ र खुवाऔं ।
- शारिरीक वयाम गरौं, धुम्रपान र मद्यपान नगरौं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- नियमित घाम ताप्ने गरौं ।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

वडा अध्यक्ष : मधुबाबु तिवारी

७ नं. वडा कार्यालय विराटनग महानगरपालिका, मोरंग


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

## सम्पादकीय

# भावि प्रधानमन्त्री घोषणा गरी चुनावी प्रतिस्पर्धामा

प्रतिनिधीसभा सदस्य निर्वाचनमा सवै राजनीति दल होमी सेकेको छ। लोकतन्त्रको लागि निर्वाचन स्वाभाविक प्रक्रिया हो। तर, निर्वाचनको प्रतिस्पर्धा सत्ताको दुरुपयोगबाट होइन, समान अवसर र निष्पक्ष मैदानबाट हुनुपर्छ। पछिल्लो समय प्रत्येक राजनीकि दलले भावि प्रधानमन्त्रीको उम्मेदवार घोषण गरी निर्वावाचनमा उत्रिएका छन्। नेपाली कांग्रेसले गगन थापा, एमालेले केपी शर्मा ओली र रास्वपाले बालेन शाहलाई प्रधानमन्त्रीको रुपमा अगाडी सारेर चुनावी मैदानमा उत्रिएका छन्। लोकतन्त्रको सुन्दरता निष्पक्ष प्रतिस्पर्धा नै हुन्छ।

फागुन २१ गते हुने प्रतिनिधीसभा सदस्य निर्वाचनका लागि देश भरी राजनीतिक दलहरुले चुनावी प्रचार प्रसारमा लागि परेका छन्। निष्पक्ष निर्वाचन गराउनको लागि सत्ताको दुरुपयोग नगरी, आचारसंहिताको पूर्ण पालना गर्दै, पद र शक्ति अलग राखेर मैदानमा उत्रिनु नै लोकतान्त्रिक मर्यादा हो। अन्यथा, निर्वाचन औपचारिकतामा सीमित हुने र परिणाम सत्ताको प्रभावले निर्देशित हुने जोखिम बढ्छ। जसले गर्दा सही व्यक्ति उच्च ओहोदामा पुग्न सक्दैन। यस्ता सन्दर्भमा निर्वाचन आयोग, नागरिक समाज र सञ्चारमाध्यमहरूको भूमिका झनै महत्त्वपूर्ण हुन्छ। चुनावी प्रतिस्पर्धामाथि कडा निगरानी, स्पष्ट मापदण्ड र निष्पक्ष मूल्यांकन आवश्यक छ।

निर्वाचन जित्ने भन्दा पनि लोकतन्त्र जित्नु ठूलो कुरा हो। लोकतन्त्रलाई जोगाउदै राजनीतिक दलका पुराना नेताहरुलाइ पाखा लगाउँदै देशलाई यूवाको हातमा सुम्पिन यूवा शतिः सजग हुन पर्छ। आउने दिनमा देशलाई समृद्धिको वाटोमा लान, यूवाहरुलाई विदेश पलायन हुनवाट जोगाउन, देशमै बसेर राजगारी सृजना गरी देशको विकास गर्न समेत नयाँ नेतृत्व आवश्यक भएकाले आफ्नो मत विक्रि गरेर होईन असल नेतृत्वलाई दिएर युवा शक्तिलाई देशको जिम्मेवारी दिन जरुरीछ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# सामाजिक सञ्जाल नियमनमा नेपालको अलमल : आशय नियन्त्रण कि प्रवर्धन ?

**डिजिटल युगमा सामाजिक सञ्जाल नियमनको वास्तविक सफलता प्रतिबन्धमा होइन, विश्वास, उत्तरदायित्व र अधिकारको सहअस्तित्वमा निहित छ।**

**आनन्द गौतम**

मानिसको सभ्यता २१ औं शताब्दीमा पुगिरहँदा विभिन्न औद्योगिक क्रान्ति पार गरेर अहिलेको डिजिटल युगमा प्रवेश गरेको छ। अहिलेको परिवेशमा हाम्रा हरेक क्रियाकलाप सूचना प्रविधिको प्रयोग विना अपुरो महसुस हुने अवस्था छ- चाहे त्यो दैनिक रूपमा गरिने संवाद होस् वा अत्यावश्यक सेवाहरूको प्रयोग। हरेक विषयमा डिजिटल उपस्थिति अनिवार्य सरह भइसकेको छ। हालै विश्व दूरसञ्चार संगठनले सार्वजनिक गरेको तथ्याङ्क अनुसार, विश्वको कुल जनसङ्ख्याको ७४ प्रतिशत मानिस इन्टरनेटको पहुँचमा पुगिसकेका छन्। सन् २००५ मा विश्वका जम्मा १६ प्रतिशत जनसङ्ख्या मात्रै इन्टरनेटको पहुँचमा थिए। तर, २० वर्षको अवधिमा आएको परिवर्तनलाई आफैंमा एक उल्लेखनीय उपलब्धि मान्न सकिन्छ।

नेपालको सन्दर्भमा समेत सन् २०२५ को अन्त्यसम्ममा कुल जनसङ्ख्याको ५६ प्रतिशत मानिस इन्टरनेटको पहुँचमा पुगिसकेको तथ्याङ्क छ। अझै मोबाइल इन्टरनेट (डेटा) को समेत आँकडा हेर्ने हो भने इन्टरनेटको पहुँच झण्डै ९० प्रतिशतमा पुगेको नेपाल दूरसञ्चार प्राधिकरणको तथ्याङ्कले देखाउँछ। यस अनुसार २ करोड ६६ लाखभन्दा बढी मानिस मोबाइल इन्टरनेटको पहुँचमा छन्। जसले इन्टरनेटको पहुँच मात्र नभएर हाम्रो समाज प्रविधिमैत्री भइरहेको इङ्गित गर्छ।

इन्टरनेटको पहुँच विश्वव्यापी रूपमा नै तीव्र गतिमा बढिरहेका बेला अधिकांश प्रयोगकर्ता सामाजिक सञ्जालमा सक्रिय रहेको तथ्याङ्कले देखाउँछ। विश्वभरि ५ अर्ब ६६ करोड र नेपालमा १ करोड ४८ लाख मानिस आजको दिनमा सामाजिक सञ्जालमा सक्रिय रहेको देखिन्छ। यसरी हेर्दा विश्व जनसंख्याको झण्डै ६९ प्रतिशत व्यक्तिहरूको उपस्थिति सामाजिक सञ्जालमा छ। जसले यो माध्यमलाई सामाजिक एवम् आर्थिक दुवै विधामा अर्थपूर्ण प्रभाव पार्ने विविध घटनाक्रमले चित्रण गरिसकेको छ।

### नेपालमा सामाजिक सञ्जाल नियमनको प्रयास

इन्टरनेट प्रयोगकर्ताको सबैभन्दा ठूलो हिस्सा सामाजिक सञ्जालमा रमाइरहँदा यसको नियमनको विषय भने कुनै एक राष्ट्रको सीमाभित्र मात्रै सीमित भने छैन। नेपालको सन्दर्भमा सामाजिक सञ्जालको नियमन नयाँ विषय पक्कै होइन। २०७५ सालमा तत्कालीन सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बास्कोटाले आफ्नो कार्यकालमा सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसद्मा दर्ता गराएका थिए। उक्त विधेयक नेपालको साइबर स्पेस नियमन गर्न अघि सारिएको एक नवीनतम अभ्यास थियो। जसमा सूचनाप्रविधि क्षेत्रको नियमनसँगै सामाजिक सञ्जाल नियमन गर्ने प्रावधान थिए। तर, कतिपय प्रावधानका कारण उक्त विधेयक विवादास्पद बन्न पुग्यो।

त्यो विधेयकमा उल्लेख गरिएका सामाजिक सञ्जाल सम्बन्धी व्यवस्था खण्डमा सामाजिक सञ्जाल दर्ता, दर्ता नहुने सामाजिक सञ्जाललाई रोक लगाउने, सूचनाप्रविधि विभागलाई सामाजिक सञ्जालमा सम्प्रेषण भएका विषयवस्तु हटाउन निर्देशन दिन सक्ने गरी अधिकारसम्पन्न बनाउने जस्ता प्रावधानहरूलाई लिएर नागरिकस्तरबाटै विरोध भयो। जसका कारण विधेयक तुहिन पुग्यो।

त्यसपछि २०८० मा रेखा शर्मा सञ्चार तथा सूचना प्रविधि मन्त्री बनेर आइन्। उनले २०८० मंसिर ११ गते सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका पारित गराउँदै राजपत्रमा प्रकाशित गराइन्। तर, यो निर्देशिकालाई लिएर पनि टीकाटिप्पणी भए। संसदीय प्रक्रियालाई मिचेर सामाजिक सञ्जाल नियमन जस्तो संवेदनशील विषय प्रशासनिक कानूनको रूपमा सरकारले ल्याएको भन्दै त्यसको वैधतामाथि प्रश्न उठ्यो। अर्कोतर्फ उक्त निर्देशिकामा सामाजिक सञ्जाल प्लेटफर्मको परिभाषा अस्पष्ट, सूचीकरणको प्रक्रिया तथा सूचीकरण नभएको अवस्थामा सामाजिक सञ्जाललाई रोक लगाउने व्यवस्थाको व्यापक विरोध भयो। यसका साथै सरकारले चाहेमा सामाजिक सञ्जालमा प्रकाशन गरिएका सामग्री निर्देशन दिएको २४ घण्टाभित्र हटाउनुपर्ने जस्ता व्यवस्थाको चौतर्फी आलोचना भयो।

सोही निर्देशिकालाई टेकेर तत्कालीन पुष्पकमल दाहाल नेतृत्वको सरकारले २०८० कात्तिक २७ गते सामाजिक सद्भावमा खलल पुऱ्याएको भन्दै चिनियाँ एप टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको थियो। प्रतिबन्धको निर्णयलाई वैधानिकता दिन टेकिएको निर्देशिका भने राजपत्रमा २०८० मंसिर ११ मा मात्रै प्रकाशित भएको थियो। सरकारी निर्णयका कारण टिकटक नेपालमा लगभग १ वर्ष प्रतिबन्धमा पऱ्यो।

२०८२ भदौ ९ मा आएर तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' लाई नै आधार मानेर सामाजिक सञ्जालहरूलाई सात दिनभित्र सूचीकरणमा आउन सार्वजनिक आह्वान गरेको थियो। तर, सूचीकरणमा नआएको भन्दै २०८२ भदौ १९ गते २६ वटा सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने अलोकप्रिय निर्णय गऱ्यो। प्रतिबन्धले राजनीतिक दलप्रति चुलिएको आक्रोशलाई थप बढाउने काम गर्दा २३ र २४ भदौको जेनजी आन्दोलनले देशको समग्र राजनीतिक अवस्था नै फेरिदियो। ओली सरकारले सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध फुकुवा गर्न बाध्य भयो। तर, आन्दोलन नथामिएपछि सरकार नै ढल्यो।

त्यो निर्देशिकालाई संसदीय वैधानिकता नभएर कार्यान्वयनमा प्रश्न उठेको भन्दै तत्कालीन सञ्चारमन्त्री गुरुङले २०८१ माघ १५ गतेको राष्ट्रिय सभामा सामाजिक सञ्जाल विधेयक दर्ता गराएका थिए। निर्देशिकाका केही प्रावाधान फेरबदल गरेर राखिए पनि विधेयकमा धेरै हदसम्म निर्देशिकाकै व्यवस्था राखिएको थियो। उक्त विधेयक अझै पनि राष्ट्रिय सभामा विचाराधीन छ।

### अन्तर्राष्ट्रिय अभ्यास

सामाजिक सञ्जाल नियमनको विषय नेपालमा मात्र नभएर विभिन्न देश तथा क्षेत्रहरूमा केही नजिर स्थापित भएको देखिन्छ। विश्वव्यापी रूपमा नै पेचिलो बनिरहेको सामाजिक सञ्जाल नियमनको बहस आफैंमा बहुआयामिक छ। एकातर्फ नागरिकको हकअधिकार सुनिश्चित गर्नुपर्ने दायित्व राज्यसँग छ भने अर्कोतर्फ सामाजिक सञ्जाललाई नै आधार बनाएर फैलिने गरेका भ्रामक सूचना, डिप फेक, दुर्व्यवहार, गैरकानूनी क्रियाकलापको नियन्त्रण आफैंमा चुनौतीपूर्ण बनेको छ।

### युरोपियन युनियनको अभ्यास

यस विषयमा युरोपको अभ्यास हेर्ने हो भने त्यहाँ अनलाइन सुरक्षा तथा मानवअधिकार संरक्षणलाई जोड दिएको पाइन्छ। नियमनको अभ्यास विभिन्न चरणमा लागू भएका कानूनमा आधारित छ। जसमध्येको एक हो सन् २०१६ मा लागू गरिएको डेटा संरक्षण नीति (जीडीपीआर)। यसले युरोपेली नागरिकको डेटा संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। सोही नीति अनुरूप कुनै पनि सेवा प्रदायकले युरोपेली प्रयोगकर्ताको डेटा प्रशोधन गर्नुपूर्व उनीहरूको अनिवार्य अनुमति लिनुपर्ने बाध्यकारी व्यवस्था लागू गरिएको छ। यही नीतिले अनलाइन माध्यमबाट आफ्नो डिजिटल फुटप्रिन्ट हटाउने व्यवस्था (राइट टु बी फरगटन) समेत स्थापित गरेको हो। यही नीतिले प्रदान गरेका अधिकार सुनिश्चित गर्नका लागि युरोपका २७ राष्ट्रहरूमा डेटा संरक्षण निकायको स्थापना गरिएको छ। जसलाई स्वतन्त्र नियामकको रूपमा विकास गरिएको छ।

नियमनको निरन्तरता स्वरूप सन् २०२२ मा सामाजिक सञ्जाल मात्र नभई सम्पूर्ण डिजिटल प्लेटफर्महरूको नियमनका लागि डिजिटल सेवा ऐन (Digital Services Act) लागू गरिएको छ। यस ऐनले युरोपमा सञ्चालनमा रहेका सम्पूर्ण अनलाइनमाध्यमलाई नियमन गर्छ। जसमा अनलाइन सेवाको आधारमा नियमनको वर्गीकरण गरिएको छ। यदि कुनै डिजिटल प्लेटफर्म युरोपको १० प्रतिशतभन्दा धेरै प्रयोगकर्ताले प्रयोग गर्छन् भने त्यसलाई ठूलो सेवा प्रदायकको रूपमा वर्गीकरण गरिएको छ। यसरी हाल वर्गीकरण गरिएका १९ ठूला सेवा प्रदायकलाई यसै कानूनले कडाइका साथ नियमन गर्छ। जुन प्रयोगकर्ताको सुरक्षा र हितमा बढी केन्द्रित छ। विशेषगरी अनलाइनमाध्यम मार्फत हुने गैरकानूनी क्रियाकलापलाई यी ठूला सेवा प्रदायकले अनुगमन गर्नुपर्ने हुन्छ। त्यसैगरी यस्ता प्लेटफर्म मार्फत हुने दुर्व्यवहार, गैरकानूनी व्यापार व्यवसाय तथा विज्ञापन, बालबालिका विरुद्ध हुनसक्ने जोखिम आदिलाई उच्च निगरानी गर्नुपर्ने विषय बनाइएको छ। यो नियम उल्लंघन गर्ने सेवा प्रदायकलाई युरोपस्तरीय प्रतिबन्ध सहित चर्को जरिवानाको सजाय व्यवस्था गरिएको छ।

### बेलायतको अनलाइन सुरक्षा ऐन

बेलायतले सन् २०२३ अक्टोबरमा अनलाइन सुरक्षा ऐन लागू गरेको छ। जसले डिजिटल सुरक्षालाई नयाँ आयाम प्रदान गरेको । यो ऐनले सामाजिक सञ्जाल कम्पनी र सर्च इन्जिन

वांकी ५ पेजमा...

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. २ मा रहेका मन्दिरको परिचय

**११. कबिर सत्संग मठ पैटा उत्तरटोल**

धनपालथान गाउँपालिका वडा नं. २ को उत्तरटोल पैटामा लक्ष्मीमार्गको पूर्वपट्टि पश्चिम मुख फर्केको कबीर सत्संग मठ पैटा रहेको छ , यसको स्थापना २०४४ सालमा भएको थियो ।

उक्त मठ निर्माणका लागि जग्गा मसमात (विधुवा) गंगा दासीले एक कठ्ठा जग्गा मठ निर्माण गर्न र खेती जग्गा ११ कठ्ठा दान गरेकी थिइन् । त्यसैगरी थुबिया दासीले खेतीयोग्य जग्गा ५ कट्ठा र स्व. गोपलु दासले खेतीयोग्य जग्गा एक कट्ठा प्रदान गरेका छन् ।



साप्ताहिकरूपमा प्रत्येक बिहीबार १०देखि१५ जना साधु सन्तहरु भेला भई सत्संग गर्दछन् । हरेक वर्ष मंसिर पूर्णिमाको बेलुका र विहान भारतबाट गुरु मगाई १ सय देखि १ सय ५० जना जति साधुसन्तहरुको भण्डारा हुने गरेको छ ।

मठ निर्माणको लागि गाउँपालिका अध्यक्ष हरिलाल सिंहको पालामा रू. ५ लाख र वर्तमान अध्यक्ष जिवछप्रसाद गच्छदारको पालामा पटक पटक गरी रू. १० लाख सहयोग प्राप्त भएको स्थानीय हरि दासले बताए ।

**१२. काली मन्दिर पैटा**

धनपालथान गाउँपालिका वडा नं. २ पैटामा लक्ष्मीमार्गको पश्चिम र पैटादेखि पश्चिम टोल जाने बाटोदेखि उत्तरतिर काली मन्दिर रहेको छ । मन्दिरको स्थापना बाबुबाजेकै पालामा भएको पूजारी अकेश्वर चौधरीले बताए ।

दीपावलीको अवसरमा काली माताको मूर्ति राखी पुजापाठ गर्ने र मूर्ति सेलाउने काम पुर्वजहरूले गर्दै आएका थिए । सोही अवसरमा मेलाचाहि गाउँसमाजले लगाउँदै आएको पुजारी चौधरीको भनाई छ । उहाँका अनुसार सुरुमा बाँस कर्ची टाटीका छाना दिएर पूजापाठ गदै सम्बन्धित ठाउँमा ढोका ढकढक्याउन आएकोमा बद्री बस्नेतकोपालामा सानो पक्की घर निर्माण गरिएको थियो ।



वडाअध्यक्ष गाउँकै नारायण प्रसाद साह बनेपछि वडा कार्यालयबाट रू. २० लाख सहयोग प्राप्त भई मन्दिर पुनर्निर्माण भएको छ । यस कामका लागि वर्तमान वडा अध्यक्ष पंकज मण्डलले पनि रू.२ लाख सहयोग गर्नु भएको र त्यसबाट टायल लगाउने काम भएको छ । दश धुर जग्गामा बनेको मन्दिरको लागि नसिवलाल चौधरीले अढाई घुर जग्गा प्रदान गरेका छन्। अरु जग्गा सरकारी ऐलानी रहेको छ ।

नियमित पूजापाठ चौधरीले गर्दै आएका छन्। दीपावलीको अवसरमा भव्य पूजा हुने र मेला लाग्ने गर्दछ ।

**१३. नेपाल संतमत सत्संग मन्दिर पैटा**

धनपालथान गाउँपालिका वडा नं. २ को पैठाटोलमा लक्ष्मीमार्गको पूर्वपट्टि पश्चिम मुख फर्केको नेपाल संतमत सत्संग मन्दिर रहेको छ ।

उक्त मन्दिरमा स्थानीय लकेश्वर चौधरीले एक कट्ठा जग्गा दान गरी २०४८ सालमा मन्दिर स्थापना गरेका थिए । त्यसपछिका दिनमा नियमित रूपमा संतमत सत्संग हुँदै आएको छ । सत्संग मन्दिरको तीनतिर घेराबेरा लागेको छ । अगाडि बासबत्तीले घेरिएको छ ।



साप्ताहिक रूपमा प्रत्येक आइतबार १५ देखि २० जना साधुसंतहरुले सत्संग गर्दै आएका छन् । वार्षिक उत्सव पुस पूर्णिमाको दिन बेलुका र बिहान १ सय ५० देखि २ सय जनासम्म साधुसन्तहरु भेला भई सत्संग गरी भण्डारा गर्दै आएको स्थानीय ६५ वर्षिय महेशलाल चौधरीले बताए ।

## लागुऔषध सहित ११ पक्राउ

विराटनगर । झापा, मोरङ, सुनसरी र पाँचथरबाट लागू औषध सहित ११ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

माघ ७ गते मोरङको विराट नगर- १५ स्थितमा इलाका प्रहरी कार्यालय रानी र लागू औषध नियन्त्रण ब्युरो विराटनगर खटिएको प्रहरी टोलीले सुनसरी इटहरी-४ का सोनम विश्वकर्मा र इटहरी-६ का बिक्की चौधरीलाई ६ ग्राम ब्राउन सुगर र नाईट्राजाम ५० चक्की सहित नियन्त्रणमा लिएको थियो ।

झापाको मेचीनगर नगर पालिका-६ बाट लागू औषध नियन्त्रण ब्युरो काँकरभिट्टाले बुद्धशान्ति गाउँपालिका- ४ का अनमोल राईलाई १ ग्राम ब्राउन सुगर सहित र जिल्ला प्रहरी कार्यालय पाँचथरले फिदिम- १ बाट सोहि स्थानका सौगत बस्नेतलाई ट्रमाडोल ५३ क्याप्सुल सहित नियन्त्रणमा लिएको थियो ।

चेकजाँचकै क्रममा सुनसरीको धरान-२ स्थितबाट जिल्ला ट्राफिक प्रहरी कार्यालय धरानले धनकुटा चौबिसे गाउँपालिका- ७ की मनमाया लिम्बुलाई ९ किलो ३०० ग्राम गाँजा र प्रदेश १-०२-०४६ प ८९९१ नम्बरको मोटरसाईकल सहित पक्राउ गरेको थियो ।

माघ ४ गते विशेष सूचनाको आधारमा झापाको इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले अर्जुनधारा-८ का महमद सहवाज र अर्जुनधारा-७ का सुनिल कुमार मण्डललाई १ ग्राम ६४० मिलिग्राम लागू औषध ब्राउन सुगर सहित पक्राउ गरेको हो भने मोरङको इलाका प्रहरी कार्यालय बिराटचोकबाट खटिएको प्रहरी टोलीले सुन्दरहरैचा -९ स्थितबाट सुन्दरहरैचा-१० का योगेन्द्र श्रेष्ठलाई ३७ किलो ३६ ग्राम लागू औषध गाँजा सहित नियन्त्रणमा लिएको छ ।

त्यसैगरी सुनसरीको प्रहरी चौकी सिशुवाधरमपुरबाट खटिएको प्रहरी टोलीले भोक्राहा नर्सिङ - ८ स्थितबाट भारतिय नम्बरको मोटर साईलकलाई शंका लागी चेकजाँच गर्दा भोक्राहा नर्सिङ-८ का ४२ वर्षिय नौसाद आलमको साथबाट ६ ग्राम ३८० मिलिग्राम लागु औषध ब्राउन सुगर फेला पारी नियन्त्रणमा लिएको छ ।

माघ ६ गते लागू औषध नियन्त्रण ब्युरो विराटनगर र जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा को. ३७ प ३३६६ नम्बरको मोटरसाईकलमा शंकास्पद अवस्थामा रहेका सुनसरी भोक्राहानरसिंह गाउँपालिका-५ का ३५ बर्षीय सुदिन मन्सुरीलाई १ सय ४० ग्राम ब्राउन सुगर सहित र इटहरी-५ का ५० बर्षीय रोहित कार्कीलाई उनकै कोठाबाट १४ ग्राम २३ मिलिग्राम ब्राउन सुगर, प्रतिबन्धित औषधी नाईट्राजाम ४ सय ६० ट्याब्लेट, कोरेक्स १८ बोतल र स्पास्मोप्रोक्सिवन ३ सय ३६ क्यापसुल सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका सवै उपथर थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- वडा तथा गाउँपालिकामा बुझाउनु पर्ने सबै प्रकाका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडा भित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं ।
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- सडक बाटोको अतिक्रमण नगरौ ।
- सामाजिक विवादलाई भिडेर होईन ,छलफलबाट हल गरौ ।
- बिबाह दर्ता ,जन्म दर्ता,मृत्यु दर्ता, बसाइँसराइ दर्ता लगायतका पञ्जिकरण गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।

हरिनगर गाउँपालिका
सुनसरी, कोशी प्रदेश

# विपन्न समुदायमाथि वित्तीय घात, उनीहरूको नामको कर्जा दुरूपयोग !

काठमाडौं । नेपालका बैंक तथा वित्तीय संस्थाहरुमा लगानीयोग्य निक्षेप ७४ खर्ब रुपैयाँको हाराहारीमा छ । यो रकम मुलुकको कुल गार्हस्थ उत्पादनभन्दा धरै बढी हो । अहिले चलायमान हुने समय कुरेर २५ खर्बभन्दा बढी रुपैयाँ बसिरहेको छ । अथाह निक्षेप जम्मा भैरहँदा लगानी प्रवाहमा आएको न्यूनताले बैंकिंग जगतमा हलचल मच्चिएको छ । नेपाल राष्ट्र बैंकले हप्तैपिच्छे रकम खिचिरहेको छ । कर्जा प्रवाह हुने सम्भावना न्यून भैरहँदा अर्को तथ्य पनि बाहिरिएको छ कि प्रवाहित कर्जा कुन वर्गमा बढी भयो ।

बैंकहरुबाट ५० खर्ब रुपैयाँ हाराहारीमा कर्जा प्रवाह गरेका छन् । तर, पछिल्ला वर्षहरूमा बैंक तथा वित्तीय संस्थाबाट विपन्न वर्गतर्फ प्रवाह हुने कर्जा निरन्तर घट्दै गएको तथ्य बाहिरिनु गम्भीर संकेत हो । अर्थतन्त्र सुधार हुँदै गएको तथ्यांकले निराशा हुन नदिए पनि विपन्न समुदायमा प्रवाहित हुने कर्जा घट्दै जानु सामाजिक असन्तुलनको अर्को दृश्य बाहिरिनु हो ।

५० खर्ब रुपैयाँ नाघिसकेको कर्जा प्रजाहको विशाल संरचनाभित्र समाजको सबैभन्दा कमजोर वर्गका लागि छुट्याइने हिस्सा भने क्रमशः सानो बन्दै गएको छ । यसले केवल बैंकिङ नीतिमाथि मात्र होइन समग्र आर्थिक संरचना, समावेशी विकासको दिशा र राज्यका प्राथमिकतामाथि समेत गम्भीर प्रश्न खडा गर्छ । राष्ट्र बैंककै तथ्याङ्कले देखाउँछ- चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूले कुल कर्जाको औसतमा ५.३६ प्रतिशत मात्र विपन्न वर्ग क्षेत्रमा विस्तार गरेका छन् । संख्यात्मक रूपमा हेर्दा कुल ५६ खर्ब ३३ अर्ब ४६ करोड रुपैयाँ कर्जा प्रवाह हुँदा विपन्न वर्गमा पुगेको कर्जा दुई खर्ब ७४ अर्ब ६४ करोड रुपैयाँमा सीमित छ ।

यो रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २३ अर्ब ३५ करोड रुपैयाँले कम हो । प्रतिशतमा हेर्दा ०.८१ प्रतिशतको गिरावट सानो देखिए पनि यसको सामाजिक र आर्थिक प्रभाव अत्यन्तै गहिरो छ । किनकि यो गिरावट त्यस्तो वर्गसँग गाँसिएको छ । जसको उत्पादन, उपभोग र रोजगारीको सम्भावना कर्जासँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ । अझ गहिरिएर हेर्दा यो समस्या केवल चालु वर्षमा मात्र सीमित छैन । गत आर्थिक वर्षमा कुल कर्जा ५२ खर्ब ८० अर्ब २८ करोड रुपैयाँ हुँदा विपन्न वर्गमा ६.१७ प्रतिशत अर्थात् दुई खर्ब ९७ अर्ब ९९ करोड रुपैयाँ प्रवाह भएको थियो ।

त्यसको तुलनामा अहिले कुल कर्जा बढ्दा पनि विपन्न वर्गको हिस्सा घट्नुले बैंकिङ प्रणालीभित्र प्राथमिकताको पुनःक्रमांकन भइरहेको स्पष्ट संकेत दिन्छ । जोखिम मूल्याङ्कन, नाफामुखी रणनीति र नियामक दबाबको सन्तुलनले विपन्न वर्गलाई क्रमशः परिधितर्फ धकेल्दै लगेको देखिन्छ ।

बैंकरहरू यसको कारण अर्थतन्त्रको सुस्ततालाई देखाउँछन् । माग घटेको छ, लगानीको वातावरण कमजोर छ, व्यवसाय विस्तारमा छैनन् भन्ने तर्क उनीहरूको छ । तर



लेखक : रमेश कुमार बोहोरा

यही तर्कको अर्को पाटो पनि उत्तिकै महत्वपूर्ण छ । जब अर्थतन्त्र सुस्त हुन्छ, सबैभन्दा पहिले र सबैभन्दा गहिरो असर विपन्न वर्गमै पर्छ । यस्तो अवस्थामा बैंकिङ प्रणालीले उल्टै उनीहरूलाई सम्हाल्ने भूमिका खेल्नुपर्ने हो । तर व्यवहारमा भने जोखिमबाट जोगिने नाममा बैंकहरू सुरक्षित ग्राहक र ठूला परियोजनातर्फ केन्द्रित हुँदै गएका छन् । यसले बैंकिङ क्षेत्रको सामाजिक उत्तरदायित्वलाई औपचारिक कागजमा सीमित बनाइदिएको छ ।

वाणिज्य बैंकहरूको तथ्याङ्कले यो प्रवृत्तिलाई अझ स्पष्ट बनाउँछ । चालु आर्थिक वर्षको पहिलो चार महिनामा वाणिज्य बैंकहरूले ५० खर्ब ९ अर्ब रुपैयाँ कर्जा प्रवाह गरेका छन् । तर यसमध्ये विपन्न वर्गमा पुगेको हिस्सा ५.२८ प्रतिशत अर्थात् दुई खर्ब ३९ अर्ब २३ करोड रुपैयाँ मात्र हो । यो गत वर्षको सोही अवधिको तुलनामा १५ अर्ब ९४ करोड रुपैयाँले कम हो । गत वर्ष यही अवधिमा वाणिज्य बैंकहरूले कुल कर्जाको ५.९८ प्रतिशत विपन्न वर्गमा लगानी गरेका थिए । यहाँ प्रश्न प्रतिशत घटेको मात्र होइन, बैंकिङ प्रणालीले आफ्नो विस्तारको फल कुन वर्गलाई बाँडिरहेको छ भन्ने हो ।

राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनाल लगायत केही बैंकका प्रमुख कार्यकारी अधिकृत भने विपन्न वर्ग कर्जामा ध्यान दिइरहेको दाबी गर्छन् । नीति अनुसार कर्जा विस्तार भइरहेको र राष्ट्र बैंकको निर्देशन पालना भइरहेको उनीहरूको भनाइ छ । तर समग्र तथ्याङ्कले व्यक्तिगत दाबीभन्दा फरक कथा सुनाउँछ । यदि नीति कार्यान्वयन प्रभावकारी हुन्थ्यो भने प्रणालीगत स्तरमै यस्तो गिरावट देखिनु पर्ने थिएन । यसले नियमन र व्यवहारबीचको खाडललाई प्रस्ट पार्छ । विकास बैंक र फाइनान्स कम्पनीहरूको अवस्था पनि उत्साहजनक छैन । विकास बैंकहरूले चालु आर्थिक वर्षको पहिलो चार महिनामा पाँच खर्ब २१ अर्ब १६ करोड रुपैयाँ कर्जा प्रवाह गर्दा विपन्न वर्गमा ६.११ प्रतिशत अर्थात् ३१ अर्ब १७ करोड रुपैयाँ मात्र प्रवाह गरेका छन् ।

गत वर्ष यही अवधिमा यो अनुपात ७।७६ प्रतिशत थियो । फाइनान्स कम्पनीहरूको हकमा त गिरावट अझ तीव्र छ । कुल कर्जाको ५.३८ प्रतिशत मात्र विपन्न वर्गमा गएको छ, जुन गत वर्षको ७.१९ प्रतिशतको तुलनामा उल्लेखनीय गिरावट हो । यी तथ्याङ्कहरूले देखाउँछन् कि समस्या कुनै एक प्रकारको संस्थामा सीमित छैन, यो समग्र बैंकिङ संरचनाको साझा प्रवृत्ति बनिसकेको छ ।

बैंकरहरूले अर्को तर्क पनि अघि सार्छन् विपन्न वर्ग कर्जाको सीमा कम छ, प्रक्रिया झन्झटिलो छ र जोखिम उच्च छ । उनीहरू कर्जाको सीमा १० लाख रुपैयाँसम्म बढाउनुपर्ने सुझाव दिन्छन् । यो सुझाव आफैंमा गलत होइन । तर सीमा बढाउनु मात्र समाधान होइन । मूल प्रश्न कर्जा किन उत्पादनशील क्षेत्रमा रूपान्तरण हुन सकेको छैन भन्ने हो । किन कर्जाले ग्रामीण रोजगारी, साना उद्यम र कृषि मूल्य शृङलालाई मजबुत बनाउन सकेको छैन । यसको पछाडि वित्तीय साक्षरता, बजार पहुँच, बीमा व्यवस्था र प्राविधिक सहयोगको अभाव पनि उत्तिकै जिम्मेवार छन् ।

यही सन्दर्भमा बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदल-२०८२ को प्रतिवेदन महत्वपूर्ण देखिन्छ । कार्यदलले 'ग्रामीण क्षेत्रमा राष्ट्र बैंक' कार्यक्रम सुरु गर्न सुझाएको छ । गभर्नर स्वयं ग्रामीण क्षेत्रमा पुगेर कर्जाको माग, आर्थिक सम्भावना र बैंकिङ सेवाको वास्तविक अवस्था बुझ्ने प्रस्ताव केवल प्रतीकात्मक होइन । यसले नीति निर्माणलाई कागजी विश्लेषणबाट बाहिर ल्याएर जमिनको यथार्थसँग जोड्ने सम्भावना बोकेको छ । तर यस्तो कार्यक्रम प्रभावकारी हुन राजनीतिक इच्छाशक्ति र संस्थागत निरन्तरता अनिवार्य छ ।

विपन्न वर्ग कर्जा घट्नुको प्रभाव केवल बैंकिङ तथ्याङ्कमा सीमित रहँदैन । यसले ग्रामीण अर्थतन्त्र सुस्त बनाउँछ, अनौपचारिक साहुकार प्रणालीलाई बलियो बनाउँछ र आर्थिक असमानतालाई थप गहिरो बनाउँछ । जब बैंकिङ प्रणालीले विपन्न वर्गलाई पर्याप्त रूपमा समेट्न सक्दैन, तब उनीहरू उच्च ब्याजदर, अनौपचारिक ऋण र ऋणको दुष्चक्रमा फस्न बाध्य हुन्छन् । यसको दीर्घकालीन असर सामाजिक स्थायित्व र आर्थिक वृद्धिमा प्रत्यक्ष रूपमा देखिन्छ । नेपालको अर्थतन्त्र संरचनागत रूपमा उपभोगमुखी छ । विपन्न वर्गको आम्दानी बढे मात्र आन्तरिक माग बलियो हुन्छ । आन्तरिक माग कमजोर रहँदा उद्योग, सेवा र उत्पादन क्षेत्र चलायमान हुन सक्दैनन् । त्यसैले विपन्न वर्ग कर्जा केवल सामाजिक न्यायको विषय होइनस यो समग्र आर्थिक पुनरुत्थानको आधार हो । तर हालको प्रवृत्तिले बैंकिङ प्रणाली अल्पकालीन नाफा र न्यून जोखिमको घेराभित्र सीमित हुँदै गएको देखाउँछ ।

यहाँ नियामकको भूमिकामाथि पनि प्रश्न उठ्छ । राष्ट्र बैंकले प्रतिशत तोकेको छ, निर्देशन दिएको छ । तर त्यसको प्रभावकारी अनुगमन कति छ । कागजमा लक्ष्य पूरा देखाएर वास्तविक लाभ नपुग्ने अवस्थालाई कसरी नियन्त्रण गरिएको छ । विपन्न वर्ग कर्जाको नाममा कर्जाको वर्गीकरण मिलाएर देखाउने प्रवृत्ति कति छ भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ । खोजमूलक पत्रकारिताले यहींबाट प्रवेश गर्नुपर्छ । अर्थतन्त्रको स्वास्थ्य केवल जीडीपी वृद्धिदरले मात्र मापन हुँदैन । यसको वास्तविक सूचक भनेको समाजको सबैभन्दा कमजोर तहमा कति अवसर पुगे भन्ने हो । बैंकिङ प्रणाली आधुनिक अर्थतन्त्रको मेरुदण्ड हो । यदि यही मेरुदण्डले विपन्न वर्गलाई बोकेन भने विकासको भार सन्तुलित हुँदैन । पछिल्ला वर्षहरूमा देखिएको विपन्न वर्ग कर्जाको गिरावट कुनै आकस्मिक घटना होइन । यो नीति, व्यवहार र प्राथमिकताको संयुक्त परिणाम हो ।

अब प्रश्न समाधानतर्फ जान्छ । के बैंकहरूलाई मात्र दोष दिएर समस्या हल हुन्छ ? सम्भवतः हुँदैन । यहाँ राज्य, नियामक, बैंक, स्थानीय तह र स्वयं नागरिक सबैको साझा भूमिका छ । कर्जा लिन सहज बनाउने प्रक्रिया, वित्तीय साक्षरता, बीमा र बजारको सुनिश्चितता बिना कर्जा विस्तार मात्रले दिगो परिणाम दिन सक्दैन । तर त्यसका लागि पहिलो सर्त भनेको विपन्न वर्गलाई अर्थतन्त्रको केन्द्रमा राख्ने स्पष्ट नीतिगत प्रतिबद्धता हो । बैंक तथा वित्तीय संस्था, तीनैतहका सरकार, नीति निर्माता, योजनाविद्हरुले बुझ्नैपर्छ कि सानोसानो रुपमा निर्वाहमुखी भए पनि उत्पादन सक्रिय हुने विपन्न वर्ग नै हुन् । उनीहरुको उत्पादनशीलतालाई उद्यममुखी बनाउने गरी कर्जा प्रवाह हुनुपर्नेमा पेशाबाटै पलायन हुन बाध्य पार्ने काम भैरहेको छ ।

ग्रामीण अर्थतन्त्रको टेको कृषि होस् पशुपालन वा घरेलु सीप हो । यसको विकास, प्रबर्द्धन र बजारीकरणबाट मात्रै मुलुकको अर्थतन्त्र उकासिने अथ्य भुलेर विपन्नमा प्रवाहित हुनुपर्ने कर्जा रोकेर सम्पन्नहरुकै सुविधाका लागि कर्जा पद्धति सजिलो बनाउने नीति नै उद्यमशीलता मार्ने पासो हो । यसमा सुधार नहुने हो भने देश आर्थिकरुपमा विघटन हुनसक्छ ।

अर्कातिर नेपालमा बैंकिङ क्षेत्र संख्यात्मक रूपमा ठूलो तर सामाजिक रूपमा सानो बन्दै जाने खतरा पनि उपरोक्त तथ्यांकहरुले देखाइरहेको छ । यस्तो बैंकिङ प्रणालीले न समावेशी विकास सुनिश्चित गर्न सक्छ, न दीर्घकालीन आर्थिक स्थायित्व । विपन्न वर्ग कर्जाको गिरावट एउटा चेतावनी हो । यो चेतावनीलाई समयमै बुझेर संरचनागत सुधारतर्फ नलागे अर्थतन्त्रको सुस्ती चक्रात्मक मात्र होइन, स्थायी रोगमा रूपान्तरण हुने जोखिम रहन्छ । यही कारण, विपन्न वर्ग कर्जाको प्रश्न आज केवल बैंकिङको विषय होइन नेपालको समग्र आर्थिक भविष्यसँग गाँसिएको केन्द्रीय बहसको विषय बन्नुपर्छ । (लेखकः- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक हुनुहुन्छ)

# पुस महिनाको सर्वोत्कृष्ठ प्रहरी प्रकाश



विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले प्रहरी निरीक्षक प्रकाश थापालाई पुस महिनाको "सर्वोत्कृष्ट प्रहरी" ( घोषित गरेको छ ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो पदिय कर्तव्य निर्वाह गर्ने क्रममा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरमा कार्यरत प्रहरी निरीक्षक थापाले २०८२ साल असोज २६ गते ओखलढुङ्गाको सिद्धिचरण नगरपालिका- ४ चार्खु कि ५२ बर्षीया रत्न कुमारी कटवाल (कार्की) को हतियारधारी समूहले बन्चरो प्रहार गरी बीभत्स हत्या गरी नगद तथा सुनका गरगहना लुटपाट गरी लगेको घटनाको सफल अनुसन्धान गरेका थिए ।

साथै २०८२ साल पुस १५ गते ओखलढुङ्गाको चिशंखुगढी गाउँपालिका-६ का किराना पसल सञ्चालक दम्पति ६० बर्षीया सोवितमान थापा मगर र ६० बर्षीया रत्नमाया थापा मगरको हतियारधारी समूहले कोदालो तथा अन्य हतियारको प्रयोग गरी बीभत्स हत्या गरी अन्दाजी नगद १ लाख तथा सुनको गरगहना ८ तोला समेत लुटि लगेको घटनाको अनुसन्धानको क्रममा संलग्न ४ जना अभियुक्तहरुलाई पक्राउ गरी कानूनी कारवाहीको दायरामा ल्याउन उल्लेखनीय भूमिका निर्वाह गरी गरेका थिए ।

आम नागरिकमा शान्ति सुरक्षाको अनुभूति दिलाउने किसिमले आफ्नो पदीय दायित्व तथा जिम्मेवारी उत्कृष्ठ तवरबाट निर्वाह गरेको हुँदा सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै २०८२ साल पुस महिनाको "सर्वोत्कृष्ट प्रहरी" घोषणा गरिएको हो ।


## नगरवासीहरूको लागि जनहितमा जारी सूचना

- वडा तथा गाउँपालिकामा बुझाउनु पर्ने सबै प्रकाका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडा भित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं ।
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- सडक बाटोको अतिक्रमण नगरौ ।
- सामाजिक विवादलाई भिडेर होईन ,छलफलबाट हल गरौ ।
- बिबाह दर्ता ,जन्म दर्ता,मृत्यु दर्ता, बसाईँसराइ दर्ता लगायतका पञ्जिकरण गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।

धनपालथान गाउँपालिका
मोरंग कोशी प्रदेश

## सामाजिक...

सेवा प्रदायकमाथि कानूनी दायित्व सिर्जना गरेको छ । विशेषगरी अवैधानिक र बालबालिकाका लागि जोखिमपूर्ण सामग्रीबाट जोगाउने उद्देश्यले संरक्षण गर्नुपर्ने कर्तव्य स्थापित गरेको छ ।

ऐन अनुसार, सामाजिक सञ्जाल प्लेटफर्महरूले उमेर प्रमाणीकरण प्रणाली लागू गर्नुपर्छ । बालबालिकाहरूलाई अश्लील सामग्री, आत्महत्या, आत्म-हानि र खाने विकार सम्बन्धी सामग्रीबाट जोगाउनुपर्छ। प्लेटफर्महरूले गैरकानूनी सामग्री द्रुत रूपमा हटाउन सक्षम टोली र प्रणालीहरू राख्नुपर्ने व्यवस्था छ । स्वतन्त्र नियामक निकाय इाअफ लाई व्यापक अधिकार प्रत्यायोजन गरिएको छ । जसले नियम उल्लंघन गर्ने प्लेटफर्महरूमाथि उनीहरूले बहन गर्ने राजस्वको १० प्रतिशत वा १.८ करोड पाउन्डसम्म जरिवाना लगाउन सक्ने अधिकार दिइएको छ । गम्भीर अवस्थामा सेवा प्रतिबन्ध गर्न समेत अदालतमा निवेदन दिन सक्ने अधिकार छ । यद्यपि, यस कानूनको आलोचना समेत भइरहेको छ । विशेषगरी End–to–End Encryption को सम्बन्धमा । केही प्राविधिक तथा विशेषज्ञहरूले यो कानूनले इन्क्रिप्सनलाई कमजोर बनाउने सम्भावना रहेको दाबी गर्दै प्रयोगकर्ताको गोपनीयतामा आघात पुग्न सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

**अष्ट्रेलियाको अभ्यास**

अष्ट्रेलियाले भने बालबालिकाको सुरक्षालाई मुख्य आधार मान्दै उमेर हदका आधारमा सामाजिक सञ्जाल नियमनको फरक अभ्यास सुरुआत गरेको छ। जसको सम्भाव्यता एवम् असर आकलन गर्न केही समय लाग्ने देखिन्छ। उक्त नियम अनुरूप १६ वर्ष मुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा निषेध लगाइएको छ। यसलाई हाल लागू भएका नियममध्ये सबैभन्दा कठोर रूपमा हेरिएको छ। यो कानून अन्तर्गत, सामाजिक सञ्जाल प्लेटफर्महरूलाई उचित कदम चाल्ने जिम्मेवारी दिइएको छ। जसले गर्दा १६ वर्ष मुनिका बालबालिकाहरूले खाता खोल्न नपाउन् । यो कठोर नियमले बालबालिकाको अनलाइन सुरक्षा र उनीहरूको डिजिटल अधिकार बीचको सन्तुलन कसरी कायम राख्न सक्छ भन्ने विश्वव्यापी बहस समेत शुरु गराएको छ ।

**अन्तर्राष्ट्रिय सिकाइ तथा हाम्रो वर्तमान अवस्था**

अन्तर्राष्ट्रिय सिकाइलाई आधार मान्ने हो भने उनीहरूले केही नजिर स्थापित गरेको भेटिन्छ जस्तै कि समयसापेक्ष कानून तथा कानूनमा आधारित नियमन, स्वतन्त्र नियामक निकायको व्यवस्था, नागरिक हकको संरक्षण तथा सुनिश्चितता ।

यी सबै अभ्यासमा समान देखिने विशेषताहरू भनेको नागरिकको अधिकार संरक्षण मुख्य आधार, अनलाइनमाध्यममा हुने गैरकानूनी क्रियाकलापको न्यूनीकरण तथा रोकथाम, बालबालिकाको सुरक्षा रहेको देखिन्छ। विशेषगरी यहाँका नागरिकहरूलाई सरकारको नियतमा कुनै शंका छैन जसले यी नियमनहरूलाई सहज बनाएको छ ।

हाम्रो सन्दर्भमा हेर्ने हो भने हामीसँग मौजुदा कानूनी संयन्त्रको कुरा गर्ने हो भने सूचनाप्रविधि क्षेत्रको विशिष्टीकृत कानून भनेको विद्युतीय कारोबार ऐन, २०६३ मात्र छ। लगभग २० वर्ष पहिला लागू गरिएको यो कानूनले अहिले भइरहेको सूचनाप्रविधिको तीव्र विकासका सन्दर्भमा गर्नुपर्ने नियमनको विषय सम्बोधन गर्न सक्दैन । यस बीचमा उक्त कानून प्रतिस्थापन गर्न गरिएका सबै प्रयास विफल भएका छन् । हालै विघटन भएको प्रतिनिधिसभाले सूचनाप्रविधि र सामाजिक सञ्जाललाई खण्डीकरण गरी फरक-फरक कानून मार्फत नियमन गर्ने प्रयास गरेको थियो। तर, त्यसमा पनि व्यापक आलोचना खेप्नु परेको थियो ।

सबै प्रयत्नहरूमा कठोर नियमनको प्रयास नै आलोचनाको मुख्य कारण रहेको देखिन्छ । भर्खरै बामे सार्दै गरेको सूचनाप्रविधि उद्योगलाई कठोर नियमन भन्दा पनि प्रवर्धनमुखी नीति तथा नियमले डोऱ्याउँदै लैजानु आजको आवश्यकता देखिन्छ। त्यसैगरी सामाजिक सञ्जाल नियमनमा समेत सरकारी तवरबाट गलत र भ्रामक सूचनाको प्रवाह भइरहेको देखिन्छ । यसको एउटा उदाहरण सामाजिक सञ्जाल सेवा प्रदायकलाई करको दायरामा आउनको लागि सूचीकरण गर्नुपर्ने प्रयास हो ।

जबकि विद्युतीय सेवा कर ( डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि, २०८१ अन्तर्गत गुगल, फेसबुक, माइक्रोसफ्ट लगायत कम्पनीहरू नेपालको कर प्रणालीमा २०८० असारदेखि नै दर्ता भइसकेका छन्। हालसम्म माइक्रोसफ्ट, गुगल, मेटा लगायत १९ सामाजिक सञ्जाल एवं सूचनाप्रविधि कम्पनी आन्तरिक राजस्व विभागमा दर्ता भएर आर्थिक वर्ष २०८०/८१ मा मात्र २ अर्ब ७५ करोड ८० लाख ३२ हजार रुपैयाँको कारोबार बराबरको ४१ करोड कर तिरेको विवरण सार्वजनिक भइसकेको छ । यस्तो गलत प्रचारले सरकारको नियत नियमन हो कि नियन्त्रण भन्ने प्रश्न खडा गरेको छ ।

**अबको बाटो**

हामीसँग मौजुदा रहेका कानूनी तथा संस्थागत संरचनाबाट आजको डिजिटल समाज र अर्थतन्त्रको नियमन अनि प्रवर्धन दुवै हुन सक्दैन । अहिले विचाराधीन रहेका विधेयक सोही मनसाय र प्रावधानका साथ संसद्बाट पारित नै भएर कानून बन्दै गर्दा पनि यसको कार्यान्वयन सहज छैन । हाम्रो जस्तो राष्ट्र जहाँ इन्टरनेट प्रयोगकर्ताको ठूलो हिस्सा सामाजिक सञ्जालमा सक्रिय छन्; यो केवल मनोरञ्जनको स्रोत मात्र हैन, हरेक दिन परिवारजनसँग दैनिक कुराकानीको माध्यम पनि हो, सेवा तथा वस्तुको व्यापार गरिने व्यापारिक थलो पनि हो । अहिलेको अवस्थामा यो माध्यमले हाम्रो समाज र अर्थतन्त्र दुवैलाई जोडेको छ। सामाजिक सञ्जाल सेवा प्रदायकका लागि नेपाल जस्तो सानो अर्थतन्त्रमा व्यापार भन्दा पनि एक लोकतान्त्रिक राष्ट्रमा प्रतिबन्धित हुँदै गर्दा त्यसले दिने सन्देश अर्थपूर्ण छ जस्तो लाग्छ ।

सरकारले अथक् प्रयास गर्दा समेत अधिकांश सामाजिक सञ्जालले प्रतिक्रिया नदिनुका केही निम्न कारण छन । प्लेटफर्म सूचीकरणलाई सञ्चालन अनुमति (ष्अभलकभ) जस्तो बनाइनु, सामग्री हटाउने अधिकार सरकारी निकायमा केन्द्रित हुनु, न्यायिक पुनरावलोकन र अपिलको स्पष्ट व्यवस्था नहुनु, प्राविधिक रूपमा कार्यान्वयनमा जटिलता हुनु । यी कम्पनीहरूको तर्क अनुसार उनीहरू नेपालको कानून मान्न तयार छन्, तर त्यो कानून अन्तर्राष्ट्रिय अभ्यास अनुसार प्लेटफर्म-उत्तरदायित्व, पारदर्शिता र प्रयोगकर्ताको अधिकारमा आधारित हुनुपर्छ । अर्को प्राविधिक पक्ष के हो भन्दा संसद्बाट कानून पारित भए पनि सामाजिक सञ्जाल कम्पनीहरू तत्काल नेपालमा भौतिक रूपमा दर्ता वा कार्यालय खोल्न बाध्य हुँदैनन् यदि बाध्य पार्ने नै हो भने अन्तर्राष्ट्रिय कानूनी प्रक्रिया र अदालतको आवश्यकता हुन्छ जुन विषय निकै जटिल छ । नेपालले कानूनी रूपमा गर्न सक्ने मुख्य उपायहरू भनेको नेपालस्थित विज्ञापन तथा व्यावसायिक गतिविधिमा रोक, इन्टरनेट सेवा प्रदायक मार्फत आंशिक अवरोध, अदालत मार्फत अन्तर्राष्ट्रिय कानूनी सहकार्यको प्रयास आदि हुन् । तर पूर्ण प्रतिबन्ध अन्तिम विकल्प (Last Resort) मानिन्छ जुन आफैंमा अलोकतान्त्रिक र अधिनायकवादी अभ्यास हो ।

सरकारले कठोर नियमनको हठबाट माथि उठेर समयसापेक्ष कानून अवलम्बन गर्नुको विकल्प छैन। आजको आवश्यकता भनेको नागरिकको डेटा तथा मानवअधिकारको संरक्षणलाई प्राथमिकतामा राखेर सरोकारवालहरूको सहभागितामा नीतिनिर्माणमा जोड दिनु हो । नेपालको सन्दर्भमा सूचनाप्रविधि तथा सामाजिक सञ्जाल नियमन आवश्यक छ भन्ने विषयमा विवाद छैन । तर, कसरी नियमन गर्ने ? भन्ने प्रश्न नै आजको बहसको केन्द्र हो। अन्तर्राष्ट्रिय अभ्यासहरूले स्पष्ट पारेको कुरा के हो भने सूचनाप्रविधि तथा सामाजिक सञ्जाल नियमन सफल हुनका लागि नागरिकले अनलाइनमाध्यममा उपभोग गर्ने अधिकार, अभिव्यक्ति स्वतन्त्रता, गोपनीयता र सुरक्षा बीचको सन्तुलन अत्यावश्यक छ । निर्देशिका मार्फत प्लेटफर्म सूचीकरण, प्रतिबन्ध र सामग्री हटाउने अधिकार केन्द्रीकृत गर्नुले अल्पकालीन नियन्त्रण त सम्भव होला, तर दीर्घकालीन रूपमा यसले डिजिटल अर्थतन्त्र, नवप्रवर्तन र नागरिक स्वतन्त्रतामाथि नकारात्मक असर पार्ने जोखिम उच्च रहन्छ ।

नेपालले अब सामाजिक सञ्जाललाई केवल 'नियन्त्रण गर्ने समस्या' होइन; लोकतन्त्र, अर्थतन्त्र र डिजिटल सिटीजनसिपलाई अविभाज्य हिस्साका रूपमा हेर्न जरूरी छ। त्यसका लागि व्यापक परामर्श, सहकार्य, अन्तर्राष्ट्रिय असल अभ्यासको आत्मसात्, स्वतन्त्र नियामक संरचना र संसदीय वैधानिकतामा आधारित कानूनी ढाँचा नै दिगो समाधान हुन सक्छ ।

डिजिटल युगमा सामाजिक सञ्जाल नियमनको वास्तविक सफलता प्रतिबन्धमा होइन, विश्वास, उत्तरदायित्व र अधिकारको सहअस्तित्वमा निहित छ ।

गौतम इन्टरनेटको समतामूलक, सुरक्षित तथा अर्थपूर्ण पहुँच प्रवर्धनका लागि अग्रसर संस्था ओपन इन्टरनेट नेपाल (इन्टरनेट सोसाइटी नेपाल च्याप्टर) का संस्थापक हुन् । अनलाईन खबरबाट सभार




# टेना खोलामा महिलाको शव फेला

मिर्चैया, माघ ९ गते । सिरहा जिल्लाको मिर्चैया नगरपालिका वडा नं. ७ स्थित तितरी रूखबाट करिब १ किलोमिटर टाढा पर्ने टेना खोलामा जलेको अवस्थामा एक महिलाको शव फेला परेको छ ।

स्थानीय बासिन्दाले खोलामा शव देखेपछि तत्काल इलाका प्रहरी कार्यालय मिर्चैयालाई खबर गरेका थिए । सूचना प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थलमा पुगेर शवलाई सुरक्षित रूपमा नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

प्रारम्भिक अनुसन्धानका अनुसार ती महिलाको हत्या गरी शव जलाएर खोलामा फ्याँकिएको आशंका गरिएको छ। हाल सम्म मृतकको पहिचान खुल्न नसकेको र घटनाको कारण तथा दोषी पत्ता लगाउन थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय मिर्चैयाले जानकारी दिएको छ ।

प्रहरीले स्थानीयसँग समेत सोधपुछ गरिरहेको र घटनाबारे कुनै जानकारी भए नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्न आग्रह गरेको छ ।

# लागुऔषध सहित ६ पक्राउ

लागू औषध ब्राउन सुगर, गाँजा र प्रतिबन्धित औषधी सहित ६ जना नियन्त्रणमा

विराटनगर । झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लाको विभिन्न स्थानहरुबाट लागू औषध ब्राउन सुगर, गाँजा र प्रतिबन्धित औषधी सहित ६ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

माघ ५ गते झापाको इलाका प्रहरी कार्यालय सुरुङगाले कन्काई नगरपालिका-४ स्थितबाट सोही स्थानका ३५ वर्षिय मोहन हेमरमलाई १ ग्राम ३४० मिलिग्राम लागु औषध ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

इलाका प्रहरी कार्यालय रानीले बिराटनगर-१५ स्थितबाट बुढिगंगा-१ का ५० वर्षिय जिवन कुमार ढकाललाई प्रतिबन्धित औषधी ७ बोतल र २० ट्याब्लेट सहित, इटहरी-५ की सोनिका तामाङ र राज प्रधानलाई ५३० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

त्यसैगरी सुनसरीको इलाका प्रहरी कार्यालय धरानले धरान-२ स्थितबाट धनकुटाका बुद्ध तामाङलाई ३०० पिस प्रतिबन्धित औषधी सहित र इलाका प्रहरी कार्यालय साहेबगंजले देवानगंज-४ स्थितमा द्यच ५०ज ३८१८ नं. को मोटरसाईकलमा बेवारिसे अवस्थामा राखेको २१ किलोग्राम लागु औषध गाँजा फेला पारी नियन्त्रणमा लिएको थियो ।

जिल्ला कारागार कार्यालय उदयपुरमा खटिएको प्रहरीले आफन्त भेटन आएका त्रियुगा नरपालिका-१० का सन्तोष यादव उपर संका लागी चेकजाँच गर्दा स्याम्पुको बट्टाभित्र १ ग्राम २०० मिलिग्राम लागु औषध ब्राउन सुगर फेला पारी निजलाई नियन्त्रणमा लिएको थियो ।


## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामादर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

मधुबाबु तिवारी (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ७ मोरंगव